# कटहरिया नगरपालिका

# स्थानीय राजपत्र

**कटहरिया नगरपालिकाद्वारा प्रकाशित**

**खण्डः ३, संख्या : १, मिति : २०७७/१०/२७**

## भाग-१

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा १ बमोजिम कटहरिया नगरपालिकाको नगरसभाले जारी गरेको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

**वि.सं. २०७७ सालको ऐन नं. १**

## कटहरिया नगरपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको आर्थिक ऐन, २०७७

**प्रमाणिकरण मिति : २०७७।१०।२७**

**प्रस्तावनाः** कटहरिया नगरपालिकाको आर्थिक वर्ष २०७७/०७८ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क निर्धारण गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२८ को उपधारा (२) ले दिएको अधिकार प्रयोग गरी संविधानको धारा २२६ को उपधारा (१) बमोजिम कटहरिया नगरपालिकाको नगर सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम **"कटहरिया नगरपालिकाको आर्थिक ऐन, २०७७"** रहेको छ ।

(२) यो ऐन २०७७ साल श्रावण १ गते देखि कटहरिया नगरपालिकाको भौगोलिक क्षेत्रमा लागू हुनेछ ।

२. **परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) "ऐन" भन्नाले कटहरिया नगरपालिकाको आर्थिक ऐन, २०७७ सम्झनुपर्छ।

(ख) "कार्यपालिका" भन्नाले कटहरिया नगर कार्यपालिका सम्झनुपर्छ।

(ग) "नगरपालिका" भन्नाले कटहरिया नगरपालिका सम्झनुपर्छ।

(घ) "फर्म" भन्नाले प्रचलित कानूनबमोजिम दर्ता भएको वा नभएको जुन सुकै फर्म सम्झनुपर्छ।

(ङ) "व्यक्ति" भन्नाले यस ऐन बमोजिम कर तिर्नुपर्ने दायीत्व भएको जुनसुकै व्यक्ति सम्झनुपर्छ।

(च) "सभा" भन्नाले कटहरिया नगरपालिकाको नगर सभा सम्झनुपर्छ।

(छ) "संविधान" भन्नाले नेपालको संविधानलाई सम्झनुपर्छ।

३. **सम्पत्ति कर :** नगरपालिकाको क्षेत्रभित्रको घर र घरले चर्चेको घरजग्गामा अनुसुची-१ बमोजिम सम्पत्ति कर लगाइने र असुल उपर गरिनेछ।

४. **भूमिकर (मालपोत) :** नगरपालिकाको क्षेत्रभित्र दफा २ बमोजिम बाहेकको अन्य जग्गामा अनुसूचि-२ बमोजिमको भूमिकर (मालपोत) असूल उपर गरिनेछ।

५. **घर जग्गा बहाल कर :** नगरपालिकाको क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज,गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले वहालमा दिएकोमा अनुसुची-३ बमोजिम घरजग्गा बहाल कर लगाइने र असुल उपर गरिनेछ।

६. **व्यवसाय कर** : नगरपालिकाको क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजिगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसुची-४ बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ।

७. **बहाल बिटौरी शुल्क :** नगरपालिकाको क्षेत्रभित्र आफूले निर्माण , रेखदेख वा सञ्चालन गरेका अनुसुची-५ उल्लेखित हाटबजार वा पसलमा सोही अनुसूचिमा भएको व्यवस्था अनुसार बहाल बिटौरी शुल्क लगाइने र असुल उपर गरिनेछ।

८. **पार्किङ शुल्क :** नगरपालिकाको आफ्नो क्षेत्रभित्र कुनै सवारीलाई पार्किङ सेवा उपलब्ध गराएवापत अनुसूचि-६ पार्किङ शुल्क असूल उपर गरिनेछ।

९. **जडीबुटी, कबाडी र जीवजन्तु कर :** नगरपालिकाको क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले जडीबुटी, कबाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु बाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता वस्तुको व्यवसायीक कारोवार गरेवापत अनुसुची-७ बमोजिम कर लगाइने र असुल उपर गरिनेछ।

१०. **सवारी साधन कर :** नगरपालिकाको क्षेत्रभित्र सञ्चालन भएका सवारी साधनमा अनुसुची-८ बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ।

तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएकोमा सोही बमोजिमहुनेछ।

११. **विज्ञापन कर :** नगरपालिकाको क्षेत्रभित्र हुने विज्ञापनमा अनुसुची-९ बमोजिम विज्ञापन कर लगाइने र असुल उपर गरिनेछ।

कटहरिया नगरपालिकाको कार्यालय

१२. **सेवा शुल्क, दस्तुर :** नगरपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेको अनुसूचि-१० बमोजिम शुल्क लगाइने र असुल उपर गरिनेछ ।

१३. **प्राकृतिक स्रोत साधनको बिक्रीको न्यूनतम दर :** कटहरिया नगरपालिकाले आफ्नो भौगोलिक क्षेत्रभित्र रहेका नदी, खोला, बगर, सार्वजनिक जग्गा, ऐलानी जग्गाको प्राकृतिक सम्पदाबाट उपलब्ध हुने ढुङ्गा, गिटी, बालुवा, माटोजन्य वस्तु र काठ दाउरामा अनुसुची-११ बमोजिमको न्यूनतम दररेट कायम गरी प्रचलित कानूनबमोजिम बिक्री गर्न सक्नेछ ।

१४. **कर छुट नहुने :** यस ऐन बमोजिम कर तिर्ने दायीत्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट हुने छैन ।

१५. **कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि :** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधि नगरपालिकाले तोके अनुसार हुनेछ ।

१६. **अन्य व्यवस्था** : नगरपालिकाले विषयगत शाखा, वडा लगायत कार्यलियबाट सेवा प्रवाह गर्दा सेवाग्राहीले बुझाउनु पर्ने कर, शुल्क, दस्तुर वा जरिवानालाई सेवासँग आवद्ध गरी असुल उपर गर्नु पर्नेछ । तर नागरिकता सिफारिस व्यतिगत घटना दर्ता जस्ता कार्यलाइ शुल्क रहित सेवा प्रवाह गर्न बाधा पर्ने छैन ।

१७. **ऐन बमोजिम भए गरेको मानिने** : यो ऐन जारी हुनु भन्दा अघि भए गरेका कार्य यसै ऐन बमोजिम भए गरेको मानिनेछ ।

१८. **नियम, कार्यविधि बनाउन सक्ने** : नगरपालिकाले यस विधेकमा भएका व्यवस्थालाइ कार्यान्वयन गर्न अवश्यक नियमावली बनाइ लागु गर्न सक्नेछ ।

१९. यस ऐनमा उल्लेखित व्यवस्था यसै ऐन बमेजिम र उल्लेख नभएका हकमा प्रचलित नेपाल कानुन बमोजिम हुनेछ ।

कटहरिया नगरपालिका नगर कार्यपालिकाको कार्यालय

# अनुसूची-१

(दफा ३ सँग सम्बन्धित)

आ.व. ०७७/७८मा लागु हुने सम्पति करको दर

| क.सं | कर योग्य सम्पतिको मुल्य | दर (वार्षिक) रु. |
|---|---|---|
| १. | रु. पाचस लाख सम्म घर जग्गामा | कर छूट गरिएकोछ |
| २. | ५० लाख देखि ६० लाख सम्म घर जग्गामा | १५०० |
| ३. | ६० लाख देखि ७० लाख सम्मको घर जग्गामा | ३००० |
| ४. | ७० लाख देखि ८० लाख सम्मको घर जग्गामा | ६००० |
| ५. | ८० लाख देखि १ करोड सम्म घर जग्गामा | १०,००० |
| ६. | १ करोड देखि २ करोड सम्मको घर जग्गामा | १५,००० |
| ७. | २ करोड देखि ५ करोड सम्म | ३०,००० |
| ८. | ५ करोड भन्दामाथी | ५०,००० |

**द्रष्टव्य :** नगरपालिकाले आफ्नो क्षेत्रभित्र लगाउने सम्पति करको मूल्यनिर्धारण गर्दा चालु आर्थिक वर्षमा मालपोत कार्यालय कटहरियाले लिखत (रजिष्ट्रेशन) पारितको लागि कायम गरेको मूल्यलाई नै आधार मानि सम्पति कर असुल गरिनेछ ।

कटहरिया नगरपालिका नगर कार्यपालिकाको कार्यालय

## अनुसूची-२

(दफा ४ सँग सम्बन्धित)

आ.व. ०७७/७८मा लागु हुने भूमिकर (मालपोत)

**भूमिकर (मालपोत)**

(क) राजमार्गमा छोएका व्यवसायिक घडेरीहरु प्रतिकट्ठा रु. १००।००

(ख) **आवास प्रयोजन घडेरीहरु**

बजार क्षेत्र प्रतिकट्ठा रु. ५०।००

ग्रामीण क्षेत्र प्रतिकट्ठा रु. १०।००

**(ग) बजार क्षेत्रका खेतियोग्य जमिनहरु :**

| ईकाई | रु. |
|---|---|
| डेढ विगाहा सम्मको प्रति कट्ठा | १०।०० |
| डेढ विगाहा माथि ३ विगाहा सम्म प्रति कट्ठा | २०।०० |
| ३ विगाहा माथि प्रति कट्ठा | ३०।०० |

(घ) **ग्रामीण क्षेत्रका क्षेत्रका खेतियोग्य जमिनहरु**

| ईकाई | रु |
|---|---|
| एक विगाहा सम्मको | ००।०० |
| एक विगाहा माथि ३ विगाहा सम्मका लागि प्रति कट्ठा | १५।०० |
| ३ विगाहा माथि प्रति कट्ठा | २०।०० |
| २०५८ साल देखि २०७२ साल सम्म प्रति कट्ठा | ५।०० |

## अनुसूची-३

(दफा ५ सँग सम्बन्धित)

आ.व. ०७७/७८मा लागु हुने घरबहाल करको दर

कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले वहालमा दिएकोमा

**क) बहाल कर :**

| सि.नं. | विवरण | रकम |
|---|---|---|
| १ | लिने दिने बीचको सम्झौता बमोजिमको बहाल रकमको | १०% |

कटहरिया नगरपालिका नगर कार्यपालिकाको कार्यालय

# अनुसूची-४

(दफा ६ सँग सम्बन्धित)

आ.व. ०७७/७८मा लागु हुने व्यवसाय करको दर

## व्यवसाय कर :

| सि.नं. | विवरण | प्रस्तावित करका दरहरु (रु.) |
|---|---|---|
| | **व्यापारीक बस्तु** | |
| १ | **मदिरा पसल** | |
| | रक्सी, वियरको डिस्टिब्युटर्स | ७५००/०० |
| | रक्सी, वियरको थोक पसल | ३०००/०० |
| | रक्सी, वियरको खुद्रा बिक्री पसल | १५००/०० |
| २ | **सुर्ती जन्य (धूम्रपान पसल)** | |
| | चुरोट, विडी, सूर्तीजन्य पदार्थको डिलर पसल | ३०००/०० |
| | चुरोट, विडी, सूर्तीजन्य पदार्थको थोक पसल | २०००/०० |
| | चुरोट, विडी, सूर्तीजन्य पदार्थको खुद्रा पसल | १५००/०० |
| ३ | **हल्का पेय पदार्थ पसल** | |
| | हल्का पेय पदार्थको डिलर | २०००/०० |
| | हल्का पेय पदार्थको खुद्रा पसल | १२००/०० |
| ४ | **सून चांदी पसल** | |
| | सुन चांदी पसल श्रेणी क | ५०००/०० |
| | सुन चांदी पसल श्रेणी ख | ३०००/०० |
| | सुन चांदी पसल श्रेणी ग | १५००/०० |
| ५ | **औषधी व्यवसाय** | |
| | औषधी सुपर डिस्ट्रिव्यूटर्स | ३०००/०० |
| | औषधी थोक तथा डिस्ट्रिव्यूटर्स | २५००/०० |
| | औषधी खुद्रा पसल (डक्टर भएको) | १५००/०० |
| | औषधी खुद्रा पसल (डक्टर नभएको) | १२००/०० |
| ६ | **आयुर्वेदिक औषधी पसल** | |
| | हर्वल उत्पादन तथा आयुर्वेदिक औषधी थोक पसल | १०००/०० |
| | हर्वल उत्पादन तथा आयुर्वेदिक औषधी खुद्रा | ५००/०० |
| | एग्रोभेट थोक पसल | १०००/०० |
| | एग्रोभेट खुद्रा पसल | ५००/०० |
| ७ | **स्टेशनरी तथा पुस्तक पसल** | |
| | स्टेशनरी तथा पुस्तक डिस्ट्रिव्यूटर्स | १५००/०० |
| | स्टेशनरी तथा पुस्तक थोक | १०००/०० |
| | स्टेशनरी तथा पुस्तक खुद्रा | ५००/०० |
| | मुद्रण सामाग्री खरिद बिक्री तथा कापी उद्योग | ५००/०० |
| ८ | **डिपार्टमेन्टल पसल** | |
| | डिपार्टमेन्टल पसल/सपिङ्ग सेन्टर श्रेणी क | २०००/०० |
| | डिपार्टमेन्टल पसल/सपिङ्ग सेन्टर श्रेणी ख | १०००/०० |

कटहरिया नगरपालिकाको कार्यालय

| | | |
|---|---|---|
| ९ | **कस्मेटिक पसल** | |
| | कस्मेटिक थोक पसल श्रेणी क | १०००/०० |
| | कस्मेटिक खुद्रा पसल श्रेणी ख | ५००/०० |
| | कस्मेटिक खुद्रा पसल श्रेणी ग | १००/०० |
| १० | **मोटर पार्ट तथा बोडी बिल्डर्स सामान बिक्री** | |
| | मोटर पार्टस सामान बिक्री श्रेणी क | ३०००/०० |
| | मोटर पार्टस सामान बिक्री श्रेणी ख | २०००/०० |
| | बोडी बिल्डर्स सामान बिक्री श्रेणी क | ३०००/०० |
| | बोडी बिल्डर्स सामान बिक्री श्रेणी ख | २०००/०० |
| ११ | **लुब्रिकेसन सेक्सन तर्फ (आयल निगम)** | |
| | लुब्रिकेसन थोक पसल | ३०००/०० |
| | लुब्रिकेसन खुद्रा पसल | १०००/०० |
| १२ | **प्लाई तथा ग्लास हाउस** | |
| | प्लाई तथा ग्लास हाउस थोक पसल | ३०००/०० |
| | प्लाई तथा ग्लास हाउस खुद्रा पसल | २०००/०० |
| १३ | **कपडा तथा फेन्सी पसल** | |
| | कपडा,फेन्सी तथा ब्याग थोक पसल | ३०००/०० |
| | कपडा,फेन्सी तथा ब्याग खुद्रा पसल श्रेणी क | १५००/०० |
| | कपडा,फेन्सी तथा ब्याग खुद्रा पसल श्रेणी ख | ५००/०० |
| १४ | **धागो टांक फस्नर थोक पसल** | |
| | धागो, टांक, फस्नर थोक पसल | १०००/०० |
| | धागो, टांक, फस्नर खुद्रा पसल | ५००/०० |
| १५ | **इलेक्ट्रोनिक बिक्री पसल** | |
| | मोवाइल कम्पनी सेल्फ उपशाखा, डिस्ट्रिव्यूटर्स | २०००/०० |
| | इलेक्ट्रोनिक थोक पसल | २०००/०० |
| | इलेक्ट्रोनिक खुद्रा पसल श्रेणी क | १२००/०० |
| | इलेक्ट्रोनिक खुद्रा पसल श्रेणी ख | १०००/०० |
| | रेडियो,घडी,क्याल्कुलेटरमात्र बिक्री पसल | ५००/०० |
| | अडियो, भिडियो क्यासेट तथा मोवाईल पसल | ५००/०० |
| १६ | **विद्यूत सामाग्री पसल** | |
| | विद्यूत सामाग्री थोक पसल | १५००/०० |
| | विद्यूत सामाग्री खुद्रा पसल | ५००/०० |
| १७ | **हार्ड वयर/मेशिनरी/पेन्ट/सेनेटरी तथा मार्बल पसल** | |
| | थोक पसल | ४०००/०० |
| | खुद्रा पसल श्रेणी क | २५००/०० |
| | खुद्रा पसल श्रेणी ख | १५००/०० |
| १८ | **पेट्रोलियम पदार्थ** | |
| | पेट्रोलियम पदार्थ ३ पम्प वा सो भन्दा माथि | १००००/०० |
| | पेट्रोलियम पदार्थ २ वटा पम्प भएको | ५०००/०० |
| | पेट्रोलियम पदार्थ १ मात्र पम्प भएको | ३०००/०० |
| | पेट्रोलियम पदार्थ पम्प नभएको डिलर | २०००/०० |
| | ग्यांस सिलिण्डर डिलर सव डिलर | ५००/०० |

| | | |
|---|---|---|
| १९ | **स्टील, आल्मुनियमको पसल** | |
| | स्टील, आल्मुनियमको थोक पसल | १०००/०० |
| | स्टील, आल्मुनियमको खुद्रा पसल | ५००/०० |
| २० | **फर्निशर्स पसल** | |
| | फ्लोरिङ तथा फर्निशर्स थोक पसल | २०००/०० |
| | फ्लोरिङ तथा फर्निशर्स खुद्रा पसल | १०००/०० |
| २१ | **सवारी साधन एजेन्सी तथा थोक विक्री पसल** | |
| | बस,ट्रक, ट्रयाक्टर जिप,कारको डिलर | ५०००/०० |
| | मोटरसाइकल डिलर | ३०००/०० |
| | मोटरसाइकल अन्य सवारी साधनको डिलर(स्वदेशी उत्पादन) | |
| | इलेक्ट्रिक साईकल तथा साइकल पसल | १५००/०० |
| | रि कन्डिसन हाउस | १०००/०० |
| २२ | **थोक तथा एजेन्सी** | |
| | टायर डिलर | ३०००/०० |
| | पम्पिङ्गसेट, जेनेरेटर डिलर | २५००/०० |
| | विविध विषयका सामान सप्लायर्स तथा एजेन्सीहरु | २०००/०० |
| २३ | **खाद्यान्न तथा किराना पसल** | |
| | खाद्यान सप्लायर्स | २०००/०० |
| | गल्ला थोक पसल | २५००/०० |
| | खाद्यान,किराना थोक पसल | २०००/०० |
| | खाद्यान,किराना खुद्रा पसल | ५००/०० |
| | भित्री सडकमा रहेका साना किराना पसल | २५०/०० |
| | आलु, प्याज, लसुन, अदुवा थोक पसल | १०००/०० |
| २४ | **फलफुल पसल** | |
| | फलफुल थोक पसल | २०००/०० |
| | फलफुल खुद्रा पसल | ५००/०० |
| २५ | **सागसब्जी पसल** | |
| | सागसब्जी थोक पसल | ३००/०० |
| | सागसब्जी खुद्रा पसल | २००/०० |
| २६ | **कपडा पसल** | |
| | कपडा थोक पसल | ३०००/०० |
| | कपडा खुद्रा पसल | १०००.०० |
| **विशेषज्ञ परामर्श तथा अन्य ब्यवसायिक सेवा** | | |
| २७ | **चिकित्सक** | |
| | निजी सेवा संचालन गर्ने कन्सल्टेण्ट डाक्टर | २५००/०० |
| | निजी सेवा संचालन गर्ने मेडिकल अफिसर | २०००/०० |
| | कबिराज र स्वास्थ्य कर्मी(क्लीनीक) | १०००/०० |
| २८ | **कन्सल्ट्यान्ट सेवा** | |
| | सूचीकृत वापत (घर नक्सा सम्बन्धी) | ५०००/०० |
| | स्वास्थ्य सेवा तर्फ होसपिटल तथा नर्सिङ दर्ता | ५०००/०० |
| | इन्जिनियरिङ परामर्श सेवा फर्म | ५०००/०० |
| २९ | **कानुन व्यवसायी** | |

कटहरिया नगरपालिका नगर कार्यपालिकाको कार्यालय

| | | |
|---|---|---|
| | ल फर्म तथा कानुन परामर्श सेवा | २०००/०० |
| ३० | **लेखा परीक्षण व्यवसाय तर्फ** | |
| | लेखा परीक्षण (सि.ए.) | २५००/०० |
| | लेखा परीक्षण (र.ले.प) | १५००/०० |
| ३१ | **दन्त चिकित्सा सेवा** | |
| | डेन्टल होम सेवा | २५००/०० |
| | दन्त चिकित्सा सेवा | १५००/०० |
| ३२ | **अनुसन्धानकर्ता तथा सेवा परामर्श दाता** | |
| | अनुसन्धानकर्ता | २०००/०० |
| | कम्प्यूटर एनालिस्ट तथा प्रोग्रमर | १५००/०० |
| | विमा एजेन्ट | १५००/०० |
| | सर्भेयर | १५००/०० |
| | नोटरी पव्लिक अनुवादक | १५००/०० |
| | पशू चिकित्सक | १५००/०० |
| | शेयर दलाल | २०००/०० |
| | ढुवानी कम्पनी तथा ट्रान्सपोर्ट व्यवसाय | ३०००/०० |
| | संथागत पेन्टर | १०००/०० |
| **निर्माण व्यवसाय** | | |
| | स्वदेशी निर्माण व्यवसायी | ४०००/०० |
| | विदेशी निर्माण व्यवसायी एवं परामर्श दाता | १००००/०० |
| ३३ | **भवन निर्माण व्यवसाय** | |
| | मिक्चर तथा सटरिङ्ग सामान भएकोलाई | ३०००/०० |
| | सटरिङ्ग सामानमात्र भएको | १५००/०० |
| | भवन निर्माण व्यवसायी | २०००/०० |
| ३४ | **सटरिङ्ग व्यवसाय** | |
| | मिक्चर तथा सटरिङ्ग सामान भएको | १५००/०० |
| | सटरिङ्ग सामानमात्र भएको | १०००/०० |
| | वाटर ड्रिलिङ्ग | १०००/०० |
| उत्पादनमुलक उद्योग | | |
| ३५ | **प्लाष्टिक उद्योग** | |
| | प्लाष्टिक उद्योग श्रेणी क | २०००/०० |
| | प्लाष्टिक थोक पसल | १०००/०० |
| | प्लाष्टिक पसल तथा सप्लायर्स श्रेणी क | १२००/०० |
| | प्लाष्टिक पसल तथा सप्लायर्स श्रेणी ख | १०००/०० |
| ३६ | **चप्पल उद्योग** | |
| | चप्पल उद्योग श्रेणी क | ३०००/०० |
| | चप्पल थोक विक्रि पसल | २५००/०० |
| | चप्पल विक्रि खुद्रा विक्रि पसल श्रेणी क | १०००/०० |
| | चप्पल विक्रि खुद्रा विक्रि पसल श्रेणी ख | ५००/०० |
| ३७ | **ग्रील उद्योग** | |
| | स्टील,आल्मूनियम ग्रील उद्योग | २५००/०० |
| | फलामको ग्रील उद्योग | २०००/०० |

कटहरिया नगरपालिकाको कार्यालय

| | | |
|---|---|---|
| ३८ | **साबून उद्योग तथा विक्रि पसल** | |
| | साबुन उद्योग श्रेणी क | ३०००/०० |
| | साबुन उद्योग श्रेणी ख | २५००/०० |
| | सावून विक्रि पसल | ५००/०० |
| ३९ | **जूत्ता उद्योग तता विक्रि पसल** | |
| | जुत्ता उधोग तथा जुत्ताको शो रुम | २०००/०० |
| | जुत्ताको शो रुम तथा विक्रि पसल | ५००/०० |
| | जुत्ता मर्मत गर्ने | / |
| ४० | **पशुपालन तथा पशु आहार उद्योग** | |
| | पशु आहर उद्योग | १५००/०० |
| | पशु आहर बिकी केन्द्र | ७००/०० |
| | पशु पंछी पालन उद्योग | ५००/०० |
| ४१ | **घरेलु कुटिर उद्योग** | |
| | अगर बत्ती उद्योग | ५००/०० |
| | मैन बत्ती उद्योग | ५००/०० |
| | टिकी उद्योग | ००/०० |
| | अचार उद्योग | २५०/०० |
| | अन्य कूटिर उद्योग | २५०/०० |
| ४२ | **कपडा तथा गार्मेन्ट उद्योग** | |
| | कपडा उद्योग | ४०००/०० |
| | गारमेन्ट उद्योग | ३०००/०० |
| | ज्याकेट तथा ब्याग उद्योग | २५००/०० |
| | होजियारी तथा धागो उद्योग | २०००/०० |
| | सिरक डसना उद्योग/पसल | १५००/०० |
| | ढाका उद्योग श्रेणी क | १५००/०० |
| | ढाका उद्योग श्रेणी ख | १०००/०० |
| ४३ | **छाता ,सलाई उद्योग** | |
| | सलाई उद्योग श्रेणी क | ३०००/०० |
| | सलाई उद्योग श्रेणी ख | २०००/०० |
| | छाता उद्योग श्रेणी क | २०००/०० |
| | छाता उद्योग श्रेणी ख | १५००/०० |
| ४४ | **पेय पदार्थ उत्पादन उद्योग,** | |
| | मिनरल वाटर उद्योग | ३५००/०० |
| | पिउने पानी सप्लायर्स | २५००/०० |
| | आइस बरफ उद्योग | १०००/०० |
| | आइसक्रीम उद्योग | १५००/०० |
| | सोडा उद्योग | १०००/०० |
| ४५ | **भांडा उद्योग** | |
| | कांस,तामा, पित्तल, भाडा उद्योग | ३०००/०० |
| | आल्मुनियम भाडा उद्योग | २०००/०० |
| | पलास्टीक भाडा उद्योग | २०००/०० |
| | टिनको वाकस,बाल्टी,स्टोभ | १५००/०० |

कटहरिया नगरपालिका नगर कार्यपालिकाको कार्यालय

| | | |
|---|---|---|
| ४६ | **कूटानी, पेलानी मिल** | |
| | फलावर/राइस/चिउरा/भुजा मिल | २५००/०० |
| | कूटानी, पेलानी मिल (हलर समेत), चिउरा मिल र मसला उद्योग | ३००/०० |
| ४७ | **डेरी उद्योग** | |
| | डेरी उद्योग तथा विक्रि पसल | २५००/०० |
| | डेरी विक्रि पसल | ५००/०० |
| ४८ | **उपभोग्य बस्तु उत्पादन उद्योग** | |
| | कुकिज/पाउरोटी/नुडल्स उद्योग श्रेणी क | १५००/०० |
| | कुकिज/पाउरोटी/नुडल्स उद्योग श्रेणी ख | १०००/०० |
| | कन्फेक्सनरी उद्योग श्रेणी क | १०००/०० |
| | कन्फेक्सनरी उद्योग श्रेणी ख | ५००/०० |
| | विस्कुट उद्योग श्रेणी क | १०००/०० |
| | विस्कुट उद्योग श्रेणी ख | ५००/०० |
| | दालमोठ उद्योग | ५००/०० |
| ४९ | **रिकण्डिसन उद्योग** | |
| | फलाम कृषि औजार उद्योग | २५००/०० |
| | कागज, प्लाष्टिक रिकण्डिसन उद्योग | २०००/०० |
| ५० | **उर्जा मूलक उद्योग** | |
| | हाइड्रो पावर सम्बन्धी पार्ट उत्पादन के. | ५०००/०० |
| | वायो ग्यास उद्योग | ४०००/०० |
| | सौर्यशक्ति उत्पादन उधोग | ३०००/०० |
| | मर्मत संमार पार्ट बिक्री | १५००/०० |
| ५१ | **कृषि तथा बनजन्य उद्योग** | |
| | कृषि कृषक समूह दर्ता | ५००/०० |
| | कृषि कृषक समूह नविकरण | ३००/०० |
| | कृषि तथा पशूपंछि फर्म | ३०००/०० |
| | प्लाइउड उद्योग | १५०००/०० |
| | समिल उद्योग | ५०००/०० |
| | काठ विक्री डिपो | ४०००/०० |
| | काठको फर्निचर उद्योग,/शोरुम (ठूलो) | ३०००/०० |
| | काठको फर्निचर शोरुम,(सानो) | २०००/०० |
| | बेतबांसको उद्योग/व्याम्बो शोरुम | १५००/०० |
| ५२ | **खनिज उद्योग** (कंक्रिट उद्योग) | |
| | कंक्रिट व्लक | ३०००/०० |
| | सेनेटरी उद्योग तथा व्यवसाय | २५००/०० |
| | क्रेसर उद्योग/ईटा उद्योग | ७०००/०० |
| ५३ | **पर्यटन उद्योग** (होटल लज एण्ड रेष्टुरेण्ट) | |
| | पार्टी प्यालेस | ५०००/०० |
| | होटल लज एण्ड रेष्टुरेण्ट | ५०००/०० |
| | होटल एण्ड लज श्रेणी क | ४०००/०० |
| | होटल एण्ड लज श्रेणी ख | ३५००/०० |

कटहरिया नगरपालिकाको कार्यालय

| | | |
|---|---|---|
| | होटल एण्ड रेष्टुरेण्ट श्रेणी क | ३५००/०० |
| | होटल एण्ड रेष्टुरेण्ट श्रेणी ख | २५००/०० |
| | दोहरी सांझ | २०००/०० |
| | फास्टफुट तथा क्याफे | २०००/०० |
| | रेष्टुरेण्ट | २०००/०० |
| | होटल,भोजनालय | २०००/०० |
| ५४ | **मिष्ठान/क्याटरिङ्ग पसल** | |
| | मिष्ठान/क्याटरिङ्ग पसल | ३५००/०० |
| | मिष्ठान पसल श्रेणी क | २५००/०० |
| | मिष्ठान पसल श्रेणी ख | २०००/०० |
| | क्याटरिङ्ग | १५००/०० |
| | चिया तथा कफि पसल | ७००/०० |
| ५५ | **टेण्ट हाउस** | |
| | विजुली डेकोरेशन/बैण्ड बाजा सहितको टेण्ट हाउस | ३५००/०० |
| | विजुली डेकोरेशन सहितको टेण्ट हाउस | २०००/०० |
| | विजुली डेकोरेशन रहितको टेण्ट हाउस | १५००/०० |
| | टेण्ड हाउस | १५००/०० |
| | **सेवा उद्योग** | |
| ५६ | **छापाखाना** | |
| | अफसेट प्रेस | २५००/०० |
| | स्किन प्रिन्ट प्रेश | २०००/०० |
| | लेटर प्रिन्ट प्रेश | १५००/०० |
| ५७ | **सिनेमा हल** | |
| | सिनेमा हल | ४०००/०० |
| | फिल्म डिस्ट्रिव्युटर्स | ३०००/०० |
| ५८ | **कलरल्याव सेवा** | |
| | कलरल्याव सेवा | ३०००/०० |
| | भिडियो मिक्सिङ | २५००/०० |
| | फोटोकपी सेवा | २०००/०० |
| ५९ | **संचार सेवा** | |
| | टेलिफोन ,मोवाईल सेवा प्रदायक कम्पनी लाई | १००००/०० |
| | टि.भि. च्यानल प्रशारण सेवा | ५०००/०० |
| | केबुल च्यानल प्रशारण सेवा | ५०००/०० |
| | एफ.एम.प्रशारण सेवा | २५००/०० |
| | पत्रपत्रिका प्रकाशन सेवा | १५००/०० |
| | केबल व्यवसाय वार्षिक | रु.५०००।- |
| ६० | **कम्यूनिकेशन सेवा** | |
| | टुर एन्ड टाभल्स सेवा/बूकिंग काउन्टर सेवा | २०००/०० |
| | फोटोकपि/पी.सी.ओ.साइवर क्याफे सेवा | १५००/०० |
| | कूरियर सेवाको मूख्य कार्यालय | १५००/०० |
| | कूरियर सेवाको शाखा कार्यालय | १०००/०० |
| ६१ | **बित्तीय सेवा** | |

कटहरिया नगरपालिकाको नगर कार्यपालिकाको कार्यालय

| | | |
|---|---|---|
| | बाणिज्य बैंक मुख्य कार्यालय | २००००/०० |
| | वाणिज्य वैंक प्रति शाखा कार्यालय | १५०००/०० |
| | बिकास बैंक मुख्य कार्यालय | २००००/०० |
| | विकास वैंकप्रति शाखा कार्यालय | १५०००/०० |
| | फाइनान्स कम्पनी मुख्य कार्यालय | २००००/०० |
| | फाइनान्स कम्पनी प्रति शाखा कार्यालय | ९०००/०० |
| | लघुवित्त कम्पनीहरु | ५०००/०० |
| | विमा कम्पनीहरु | ७०००/०० |
| | रेमिटान्स तथा मनी एक्सचेन्जर | २०००/०० |
| | वित्तीय (ऋण तथा बचत) सहकारी संस्था | २०००/०० |
| | अन्य सहकारी संस्था | १,०००/०० |
| | **स्वास्थ सेवा** | |
| ६२ | **स्वास्थ्य सेवा व्यवसाय** | |
| | नाफा वितरण नगर्ने वा गैह्र नाफामुलक अस्पताल | ४०००/०० |
| | निजी अस्पताल | |
| | नर्सिङ्गहोम | ३५००/०० |
| | एम.आर.आइ., सि.टि.स्क्यान, अल्ट्रा साउण्ड क्लिनिक | २५००/०० |
| | पोली क्लिनिक | २०००/०० |
| | प्याथोलोजी ल्याब | २०००/०० |
| | अक्यूपन्चर,फिजियो थेरापी, स्वास्थ्य क्लिनिक | १५००/०० |
| | एक्सरे क्लिनिक | १५००/०० |
| | चश्मा पसल | १५००/०० |
| | आयूर्वेद उपाचार तथा प्राकृतिक चिकित्सा क्लिनिक | १५००/०० |
| | **शिक्षा सेवा** | |
| ६३ | **निजी शिक्षालय** | |
| | क्याम्पस/उच्च माध्यमिक विद्यालय | ३०००/०० |
| | माध्यमिक विद्यालय | २०००/०० |
| | निम्न माध्यमिक विद्यालय | १५००/०० |
| | प्राथमिक विद्यालय / मन्टेश्वरी तथा शिशु स्याहर केन्द्र | १०००/०० |
| | छात्र / छात्रावास | १५००/०० |
| ६४ | **इन्स्टिच्युट,तालिम तथा अनुसन्धान केन्द्र** | |
| | पोली टेक्निकल इन्स्टिच्यूट, प्रशिक्षण समेत | २०००/०० |
| | नर्सिङ्ग, सिए.मए.ए. र एच.ए. प्रशिक्षण समेत | २०००/०० |
| | एजूकेशनल कन्सल्टेन्सी सेवा | १५००/०० |
| | कम्प्युटर/ईलेक्ट्रो.तालिम केन्द्र | १५००/०० |
| | सवारी चालक तालीम केन्द्र | १५००/०० |
| | भाषा शिक्षा इन्स्टिच्यूट,कोचिङ्ग सेन्टर | १५००/०० |
| ६५ | **अन्तराष्ट्रिय गैर सरकारी संस्था,सहकारी तथा संध संस्थाहरु** | |
| | सहकारी दर्ता वापत | २०००/०० |
| | सहकारी नविकरण | २०००/०० |
| | संघ संस्था दर्ता | ३०००/०० |
| | संघ संस्था नविकरण | १५००/०० |

कटहरिया नगरपालिकाको कार्यालय

| | | |
|---|---|---|
| | अन्तराष्ट्रिय संस्था (व्यवसायिक कारोबार गर्ने) | ३०००/०० |
| | राष्ट्रिय संस्था | २५००/०० |
| | **मर्मत तथा संभार सेवा** | |
| ६६ | **बोडी विल्डर्स सेक्सन तर्फ** | |
| | नयां बोडी बनाउने श्रेणी क | ५०००/०० |
| | नयां बोडी बनाउने श्रेणी ख | ४०००/०० |
| | बोडी मर्मत गर्ने | ३०००/०० |
| ६७ | **लेथ सेक्सन तर्फ** | |
| | लेथ सेक्सन श्रेणी क | ३०००/०० |
| | लेथ सेक्सन श्रेणी ख | २०००/०० |
| | लेथ सेक्सन श्रेणी ग | १५००/०० |
| ६८ | **टायर सेक्सन तर्फ** | |
| | टायर डिलर शोरुम | २५००/०० |
| | टायर रिसोलिङ्ग श्रेणी क | २०००/०० |
| | टायर रिसोलिङ्ग श्रेणी ख | १५००/०० |
| | टायर पन्चर मर्मत | १०००/०० |
| ६९ | **ईन्जिन मर्मत सेक्सन तर्फ** | |
| | ईन्जिन मर्मत श्रेणी क | ३०००/०० |
| | ईन्जिन मर्मत श्रेणी ख | २०००/०० |
| | ईन्जिन मर्मत श्रेणी ग | १५००/०० |
| ७० | **पेन्टिङ्ग/डेन्टिङ्ग/वेल्डिंग सेक्सन तर्फ** | |
| | डेन्टिङ्ग/पेन्टिङ्ग/वेल्डिङ्ग सेवा | २०००/०० |
| | डेन्टिङ्ग सेवा | १५००/०० |
| | पेन्टिङ्ग सेवा | १५००/०० |
| | वेल्डिङ्ग सेवा | १५००/०० |
| ७१ | **पम्प सेक्सन मर्मत तर्फ** | |
| | पम्प सेक्सन मर्मत श्रेणी क | २५००/०० |
| | पम्प सेक्सन मर्मत श्रेणी ख | २०००/०० |
| ७२ | **व्याट्री/इलेक्ट्रिक सेक्सन तर्फ** | |
| | व्याट्री/इलेक्ट्रिक सेक्सन श्रेणी क | २०००/०० |
| | व्याट्री/इलेक्ट्रिक सेक्सन श्रेणी ख | १५००/०० |
| ७३ | **वासिङ्ग सेक्सन तर्फ श्रेणी** | |
| | वासिङ्ग सेक्सन श्रेणी क | २०००/०० |
| | वासिङ्ग सेक्सन श्रेणी ख | १५००/०० |
| ७४ | **रिक्सा, साइकिल** | |
| | रिक्सा साइकिल विक्री पसल | २०००/०० |
| | रिक्सा, साइकिल मर्मत तथा पार्टस बिक्री पसल | १५००/०० |
| ७५ | **अटो सम्बन्धी अन्य सेवा** | |
| | मोटर साइकल मर्मत | २५००/०० |
| | कमानी पट्टा मर्मत | १५००/०० |
| | रेडियटर मर्मत | ८००/०० |
| | सिट मेकिंग तथा ग्रिसिंग सेवा | ८००/०० |

कटहरिया नगरपालिकाको नगर कार्यपालिकाको कार्यालय

| | | |
|---|---|---|
| | हेड मर्मत सेक्सन | ८००/०० |
| ७६ | **अन्य मर्मत सेवा** | |
| | टि.भी.,डेक,फ्रिज,कम्प्यूटर, मर्मत पसल | २०००/०० |
| | मोर्वाइल मर्मत पसल | १५००/०० |
| | रेडियो, घडी मर्मत पसल | ५००/०० |
| | अन्य मर्मत पसल | ५००/०० |
| ७७ | **हेभिइक्यूवमेन्ट तथा कवार्ड पसल** | |
| | हेभिइक्यूवमेन्ट खरीद/विक्री श्रेणी क | ५०००/०० |
| | हेभिइक्यूवमेन्ट खरीद/विक्री श्रेणी ख | ३५००/०० |
| | अन्य कवार्ड खरिद विक्री | २५००/०० |
| | **अन्य सेवा** | |
| ७८ | **वैदेशिक रोजगार सेवा परामर्श दाता** | |
| | वैदेशिक रोजगार सेवा परामर्श दाता | ४०००/०० |
| | वैदेशिक रोजगार परामर्श सेवा शाखा कार्यालय | ३०००/०० |
| | सेवा परामर्श दाता | २०००/०० |
| | श्रमिक सेवा परामर्श दाता | १०००/०० |
| | सामान सहित श्रमिक सेवा परामर्श दाता | २०००/०० |
| ७९ | **ड्राइक्लिनिक,सैलून तथा ब्यूटीपार्लर** | |
| | ब्यूटी पार्लर सेवा ब्यूटिशियन तालिम सहितको | २०००/०० |
| | ब्यूटी पार्लर सेवा | १५००/०० |
| | ब्यूटी पार्लर सेवा सामन्य खालको | १०००/०० |
| | कालिगढ सहितको सैलुन सेवा | १२००/०० |
| | सैलुन २ सीट सम्मको सैलुन सेवा | १०००/०० |
| | साधारण सैलून | १०००/०० |
| | ड्राइक्लिनिक सेवा | १०००/०० |
| ८० | **साईन वोर्ड आर्ट व्यवसाय** | |
| | डिजिटल आर्ट ब्यवसाय | २०००/०० |
| | अन्य आर्ट ब्यवसाय | १५००/०० |
| ८१ | **पशुबधशला** | |
| | पशुबधशला | ३०००/०० |
| | पशुको छाला संकलन तथा विक्रि केन्द्र | २०००/०० |
| ८२ | **माछा, मासु विक्री पसल** | |
| | प्याकिङ माछा,मासु सप्लायर्स | ३०००/०० |
| | माछा,मासु मध्ये कम्तिमा ३ वटा सेवा एकै ठाउंमा भएको | २५००/०० |
| | माछा,मासु मध्ये कम्तिमा २ वटा सेवा एकै ठाउंमा भएको | २०००/०० |
| | कुनै एक प्रकारको मासु बिक्री पसल | १०००/०० |
| | ताजा माछा, सिद्रा विक्री पसल | १०००/०० |
| | अण्डा विक्री पसल | १५००/०० |
| ८३ | **फूल बिरुवा विक्री पसल** | |
| | नर्सरी | १०००/०० |
| | फूल विक्री पसल | ७५०/०० |
| ८४ | **स्नूकर/पूल हाउस** | |

कटहरिया नगरपालिकाको कार्यालय

| | | |
|---|---|---|
| | स्नुकर तथा पुल दुवै भएको | १५००/०० |
| | स्नुकर | १०००/०० |
| | पुल हाउस | १०००/०० |
| ८५ | **भांडा पसल, किचन सामाग्री** | |
| | भांडा तथा किचन सामाग्री थोक पसल | ३०००/०० |
| | भांडा तथा किचन खूर्दा पसल क | २०००/०० |
| | साधारण भांडा खुद्रा पसल ख | १५००/०० |
| ८६ | **खेलौना ,गिफ्ट तथा फोटो प्रेम पसल** | |
| | खेलौना तथा गिफ्ट पसल | १५००/०० |
| | खेलौना पसल | १२००/०० |
| | फोटो फ्रेम पसल | १०००/०० |
| ८७ | **सिलाई मेसिन मर्मत तथा सिलाई पसल** | |
| | सिलाई पसल श्रेणी क | १५००/०० |
| | सिलाई पसल श्रेणी ख | १०००/०० |
| | सिलाई पसल श्रेणी ग | ८००/०० |
| | सिलाई मेसिन मर्मत पसल | ८००/०० |
| | बूटिक ल्याब्रटोरी | ८००/०० |
| ८८ | **संगित तथा कला केन्द्र सेवा** | |
| | श्रेणी क | १०००/०० |
| | श्रेणी ख | ८००/०० |
| ८९ | **घूम्ति हाटवजारमा ब्यावसाय गर्न तथा माथि उल्लेख नभएका ब्यसायिको हकमा** | |
| | फेन्सी तथा कपडा पसल | ८००/०० |
| | किराना बिसाता एवं भाडा पसल | ५००/०० |
| | अन्य प्रकृतीका / तथा साना ब्यवसायहरु | ४००/०० |
| ९० | **माथी उल्लेख नभएका उद्योगहरुको हकमा** | |
| | ठूला उद्योग | १५०००/०० |
| | मझौला उद्योग | ७०००/०० |
| | साना उद्योग , घरेलु | २०००/०० |
| ९१ | **माथी उल्लेख नभएका अन्य पेशा ब्यवसाय** | |
| | डिस्ट्रीबयुटर्स/थोक पसल | ३५००/०० |
| | खुद्रा पसल श्रेणी क | २५००/०० |
| | खुद्रा पसल श्रेणी ख | २०००/०० |
| | खुद्रा पसल श्रेणी ग | १५००/०० |
| | सेवा प्रदायक अन्य ब्यवसाय | १५००/०० |

कटहरिया नगरपालिकाको कार्यालय

***द्रष्टव्य :***

१. पूँजी लगानीको आधारमा रु.३ लाख सम्मको व्यवसायलाई "ग"वर्ग, १० लाख सम्मलाई "ख" वर्ग र सोभन्दा माथिलाई "क" वर्ग मानिनेछ।

२. दर्ता, नविकरण दस्तुर उल्लेख नभएका नगरपालिका क्षेत्रभित्र संचालित वा संचालन गरिने उल्लेखित व्यवसायहरु नगरपालिकामा दर्ता र नवीकरण गरेर मात्र संचालन गर्न सकिनेछ। यस आ.व. मा उल्लेखित कर बाहेक "क" वर्गको व्यवसाय दर्ता र नविकरण रु.२०००।, "ख" वर्गको कोलागि दर्ता र नविकरण रु. १०००। र "ग" वर्गको व्यवसाय दर्ताको लागि दर्ता र नविकरण रु. ५००।

२. माथि उल्लेखित बाहेक अन्य व्यवसायहरुलाई व्यवसायको प्रकृति हेरी रु.१००।- देखी ५०००।- सम्म दर्ता शुल्क र व्यवसाय कर लिने।

३. व्यवसाय प्रत्येक वर्ष तोकिए बमोजिम व्यवसाय कर तिरी नवीकरण दस्तुर तिरेर नविकरण गर्नु पर्नेछ।

**पुनश्च** :यसमा उल्लेखित व्यवसाय वाहेक नगरपालिकामा व्यवसायी र उद्योगीको सहमति अनुसार तिर्ने भनि व्यवस्था गरिएको रकममा नघटने गरी कर अशुली गरिने व्यवस्था कायम गरीने छ। वातावरण प्रदुशण कायम गर्ने उद्योगहरुको हकमा उद्योगसंग आपसी सहमतिमा निश्चीत रकम पर्यावरण शुल्क वापत अशुल गरिने छ।

## अनुसूची-५

(दफा ७ सँग सम्बन्धित)

आ.व. ०७७/७८ मा लागु हुने बहाल विटौरी शुल्कको दर

**बहाल विटौरी कर**

**(नगरपालिकाले आफ्नो क्षेत्रभित्र आफूले निर्माण, रेखदेख वा सञ्चालन गरेको हाट बजार, वा पसल वा सरकारी जग्गामा बनेका संरचना उपयोग गरेवापत निम्नानुसारको शुल्क लाग्ने छ।)**

**क) सार्वजनिक, ऐलानी जग्गा र सरकारी संरचना उपयोग :**

| सि.नं. | विवरण | मासिक | वार्षिक रकम रु. |
|---|---|---|---|
| १ | सरकारी संरचना, सार्वजनिक, ऐलानी तथा दर्ता छुट जग्गामा व्यापार व्यवसायको लागी प्रति स्टल/कोठा/ठेला गाडी | ५००।०० | ५०००।०० |
| २ | अस्थायी आवास प्रयोजनको लागी प्रति घरधुरी | - | २००।०० |
| ३ | कृषि तथा अन्य प्रयोजनको लागी प्रति कठ्ठा | - | ५०।०० |
| ४ | कृषि तथा अन्य प्रयोजनको लागी बाँकी वडाहरुमा प्रति कठ्ठा | - | २५।०० |

(ख) हाटबजारमा लाग्ने बिटौरी कर :

| सि.नं | पसलको विवरण | दररेट रु. |
|---|---|---|
| १ | किराना पसल,व्लक, छाप्रो, प्रति छाप्रो | ४०।०० |
| २ | कपडा पसल प्रति पसल | ४०।०० |
| ३ | जुत्ता चप्पल प्रति पसल | ४०।०० |
| ४ | रेडिमेड कपडा प्रति पसल | ४०।०० |
| ५ | मसला तेल प्रति पसल | ४०।०० |

कटहरिया नगरपालिका नगर कार्यपालिकाको कार्यालय

| | | |
|---|---|---|
| ६ | चामल, चिउरा प्रति पसल | ४०।०० |
| ७ | तरकारी,ढकी तथा छिटि २ भन्दा माथि प्रति पसल | २५।०० |
| ८ | आलु प्याज प्रति पसल | ४०।०० |
| ९ | खुर्सानी अदुवा प्रति पसल | ३०।०० |
| १० | आलु,हलुवा (सखरखण्ड) तरुल, कोवि प्रति टायर | १५०।०० |
| ११ | आलु,हलुवा (सखरखण्ड) तरुल, कोवि प्रति ट्याक्टर | २००।०० |
| १२ | सिलाई दोकान प्रति पसल | १०।०० |
| १३ | प्रति होटल | ४०।०० |
| १४ | कठघेरा भएको जुनसुकै प्रति पसल | ४०।०० |
| १५ | प्रचुन प्रति पसल | ३०।०० |
| १६ | वोका, खसि काटमार प्रति गोटा | २५।०० |
| १७ | कुखुरा किन्ने  र विक्रि गर्ने संग प्रति गोटा दुवै तफैवाट रु १० | १०।०० |
| १८ | परेवा जोडी विक्रि गर्ने र खरिद गर्ने दुवै तर्फवाट ५।५ | १०।०० |
| १९ | सुंगुर/वंगुर काटमार प्रति गोटा | २००।०० |
| २० | ठुलो रांगा काटमार प्रति गोटा | १०००।०० |
| २१ | सँानो रांगा काटमार प्रति गोटा | ७००।०० |
| २२ | माछा प्रति पसल | १००।०० |
| २३ | फलामको कृर्षिजन्य हतियार पसल | ४०।०० |
| २४ | छाप्रोमा माछा मासु नास्ता प्रति पसल | ४०।०० |
| २५ | चुरा प्रति पसल | ३०।०० |
| २६ | सिद्रा सुकेको माछा प्रति पसल | ५०।०० |
| २७ | डोको नाम्लो कुचो प्रति पसल | ४०।०० |
| २८ | मुरी कचेरी खाटमा राख्ने प्रति पसल | ३५।०० |
| २९ | माटोको भाडां प्रति पसल | २५।०० |
| ३० | हजाम भूइमा वस्ने प्रति पसल | १५।०० |
| ३१ | होटल प्रति पसल | ४०।०० |
| ३२ | मिठा प्रति पसल | ४०।०० |
| ३३ | घुंगी प्रति पसल | २०।०० |
| ३४ | जादु खेल खेलाउने | ५०।०० |
| ३५ | जुत्ता चप्पल सिलाउने प्रति पसल | २०।०० |
| ३६ | घडी टर्च लाईट विक्रि गर्ने प्रति पसल | ३०।०० |
| ३७ | ठेलामा आईसक्रिम, चिया नास्ता, फलफुल, चना चटपटे वेच्ने प्रति पसल | ३०।०० |
| ३८ | साँध लगाउने प्रति पसल | २०।०० |
| ३९ | सुन चांदी प्रति पसल | ४०।०० |
| ४० | तामा, कागती, निवुवा प्रति पसल | १५।०० |
| ४१ | फोटो फ्रेम प्रति पसल | ३०।०० |
| ४२ | रंग, अविर तथा माला प्रति पसल | ३०।०० |
| ४३ | भांडा वर्तन प्रति पसल | ३०।०० |
| ४४ | धोवि प्रति पसल | ३०।०० |
| ४५ | सुर्ति प्रति पसल | २०।०० |
| ४६ | विउ विजन प्रति पसल | २५।०० |
| ४७ | तरकारी प्रति छिटि २ भन्दा मूनि | १०।०० |

कटहरिया नगर कार्यपालिकाको कार्यालय

| | | |
|---|---|---|
| ४८ | खसी/वोका/बाखा/पाठापाठी/ खरिद विक्रि गर्ने संग प्रति गोटा रु. ३०।०० गरी दुवैको | ६०।०० |
| ४९ | फलफुल तथा तरकारी प्रति भाँगा (५० के.जी. भन्दा माथिको) | ५०।०० |
| ५० | फलफुल तथा तरकारी प्रति क्यारेट/झोला/ छैटी/डोका (५० के.जी. भन्दा मुनीको) | १०।०० |
| ५१ | धर्म काँटा | ५,०००।०० |

## अनुसूची-६

(दफा ८ सँग सम्बन्धित)

आ.व. ०७७/७८ मा लागु हुने पार्किङ शुल्कको दर

| सि.नं. | विवरण | पार्कीङ शुल्क (रु. मा) |
|---|---|---|
| १ | बस,ट्रली, लहरी, हेभी गाडीमा | १०।०० |
| २ | भाडा तथ निजी कार, जिप, | ५।०० |
| ३ | भाडाको टेम्पो | ५।०० |
| ४ | निजी मिनि बस | १०।०० |
| ५ | निजी टेम्पो | ५।०० |
| ६ | मोटरसाइकल | - |
| ७ | ठेला/रिक्सा | - |
| ८ | ट्याक्टर | १०।०० |
| ९ | पावर टेलर | ५।०० |
| १० | विद्युतिय रिक्सा | ५।०० |
| ११ | एक्जाभेटर/डोजर | १०।०० |
| १२ | स्कुटर | - |
| १३ | | |

## अनुसूची-७

(दफा ९ सँग सम्बन्धित)

आ.व. ०७७/७८ मा लागु हुने जडीबुटी, कबाडी र जीवजन्तु करको दर

| सि.नं. | विवरण | प्रति के.जी (रु. मा) |
|---|---|---|
| १ | जडीबुटी | १।०० |
| २ | कवाडी मालसामान प्रति ट्रक | २०००।०० |

## अनुसूची-८

(दफा १० सँग सम्बन्धित)

आ.व. ०७७/७८ मा लागु हुने सवारी साधन करको दर

१. नगरपालिका क्षेत्रभित्र संचालन हुन सवारी साधनको वार्षिक सवारी कर

| सि.नं. | विवरण | वार्षिक सवारी कर (रु. मा) |
|---|---|---|
| १ | बस,ट्रली, लहरी, हेभी गाडीमा | ३०००।०० |
| २ | भाडा तथ निजी कार, जिप, | ५००।०० |
| ३ | भाडाको टेम्पो | ३००।०० |
| ४ | निजी मिनि बस | ५००।०० |
| ५ | निजी टेम्पो | ३००।०० |

कटहरिया नगरपालिका नगर कार्यपालिकाको कार्यालय

| | | |
|---|---|---|
| ६ | मोटरसाइकल | १००।०० |
| ७ | ठेला/रिक्सा | ५०।०० |
| ८ | इजाजत/सिफारिश शूल्क | ५०।०० |
| ९ | ट्याक्टर | २००।०० |
| १० | पावर टेलर | १००।०० |
| ११ | विद्युतिय रिक्सा | १००।०० |
| १२ | एक्जाभेटर/डोजर | १,५००।०० |
| १३ | स्कुटर | ५०।०० |

२. *विदेशी सवारी पटके सवारी कर*

| **सि. न.** | **सवारीको प्रकार** | **रकम रु.** | **कैफियत** |
|---|---|---|---|
| १ | टेलर, लहरी | ५००।०० | |
| २ | बस, ट्रक | ३००।०० | |
| ३ | मिनि बस / मिनिट्रक | १५०।०० | |
| ४ | जिप/कार | ५०।०० | विवाह प्रयोजनको लागि कर नलाग्ने |

*( नगरपालिकाको सडकमा हिडने सवारी साधनको लागि मात्र पटके सवारी कर लाग्ने छ ।)*

## अनुसूची-९

(दफा ११ सँग सम्बन्धित)

आ.व. ०७७/७८ मा लागु हुने विज्ञापन करको दर

**विज्ञापन कर :**

| **सि.नं.** | **विवरण** | **रकम** |
|---|---|---|
| १ | क) व्यवसायिक प्रयोजनका लागि सार्वजनिक, स्थल, सडक छेउमा राखिएको होर्डिङ बोर्ड, भित्ते लेखन आदिमा प्रति वर्ग फिट (साधारण) | ५०।०० |
| | क) व्यवसायिक प्रयोजनका लागि सार्वजनिक, स्थल, सडक छेउमा राखिएको होर्डिङ बोर्ड, भित्ते लेखन आदिमा प्रति वर्ग फिट (सूर्तिजन्य) | ७५।०० |
| २ | ख) तुल, व्यानर आदिमा १ पटकको लागि प्रति फिट | ५।०० |
| ३ | ग) तुल, व्यानर आदिमा (बढीमा एक महिना सम्मको लागि) प्रतिगोटा | ३,००।०० |

कटहरिया नगरपालिकाको नगर कार्यपालिकाको कार्यालय

# अनुसूची-१०

(दफा १२ सँग सम्बन्धित)

आ.व. ०७७/७८ मा लागु हुने सेवा शुल्क तथा दस्तुरको दर

## १. सेवा शुल्क :

### १.१. अचल सम्पति मूल्याँकन तथा आयश्रोत प्रमाणित :-

| सि.नं | विवरण | **रकम** |
|---|---|---|
| १ | प्रति लाख | रु.२०।०० |

### १.२ सार्वजनिक सेवा उपयोग शुल्क (प्रति पटक)

सार्वजनिक शौचालय

| **सि.नं.** | **विवरण** | **रकम** |
|---|---|---|
| १ | पिसाब गर्दा प्रति व्यक्ति | ५।०० |
| २ | दिशा गर्दा प्रति व्यक्ति | १०।०० |
| ३ | नुहाउंदा प्रति व्यक्ति | २०।०० |

## २. भवन निर्माण (नक्शा पास) दस्तुर

### २.१ पुराना भवन एवं संरचना अभिलेखीकरण प्रयोजनको लागि

| **सि.नं** | **भवनको प्रकार** | **वेसमेन्ट तल्ला** | **भूईतल्ला ( प्रति वर्ग फिट रु. )** | **पहिलो तल्ला ( प्रति वर्ग फिट रु. )** | **दोस्रो तल्ला ( प्रति वर्ग फिट रु. )** | **तेस्रो तल्ला र सो भन्दा माथि - प्रति वर्ग फिट रु. )** |
|---|---|---|---|---|---|---|
| १ | आर .सि.सि.पिल्लर भएको | ०।५० | १।०० | १।५० | २।०० | २।५० |
| २ | ढुंगा वा इटा वा ब्लकमा सिमेन्ट वालुवाको गारो - आर.सि.सि.को छानो भएको ) | - | १।०० | २।०० | ३।०० | - |
| ३ | सिमेन्टको जोडाईमा ढुंगा वा इटा वा ब्लकको गारो -जस्ता वा टायलको छानो भएको ) | - | ०।७५ | १।५० | - | - |
| ४ | पटाहाको घेराबेरा लगाएतका कच्ची भवन | - | ०।५० | १।०० | - | - |

| सि.नं. | कम्पाउन्डवालको प्रकार | प्रति रनिङ फिट रु. |
|---|---|---|
| १ | सिमेन्ट जोडाईको कम्पाउन्डवाल | २।०० |
| २ | माटो जोडाईको कम्पाउन्डवाल | १।०० |
| ३ | तारवारको कम्पाउन्ड वाल(एकमुष्ठ) | ५०।०० |

कटहरिया नगरपालिकाको नगर कार्यपालिकाको कार्यालय

## २.२ नयाँ भवन एवं संरचना निर्माण प्रयोजनका लागि

| सि.नं | भवनको प्रकार | राजमार्ग सडकको दायाँवायाँ वन्ने घर दर प्रति बर्ग फुट ( रु.मा) | शाखा सडकको दायाँवायाँ वन्ने घर दर प्रति बर्ग फुट ( रु.मा) | अन्य सडकको दायाँवायाँ वन्ने घर दर प्रति बर्ग फुट ( रु.मा) |
|---|---|---|---|---|
| १ | आर .सि.सि.पिल्लर भएको | | | |
| १.१ | वेसमेन्ट तल्ला | ३।५० | ३।०० | २।०० |
| १.२ | भूईतल्ला | ४।५० | ४।०० | ३।०० |
| १.३ | पहिलो तल्ला | ५।५० | ५।०० | ४।०० |
| १.४ | दोस्रो तल्ला | ६।५० | ६।०० | ५।०० |
| १.५ | तेस्रो तल्ला र सो भन्दा माथि | ७।५० | ७।०० | ६।०० |
| २ | ढुंगा वा इटा वा ब्लकमा सिमेन्ट वालुवाको गारो ( आर.सि.सि.को छानो भएको ) | | | |
| २.१ | भूईतल्ला | २।०० | १।७५ | १।५० |
| २.२ | पहिलो तल्ला | ३।०० | २।५० | २।०० |
| २.३ | दोस्रो तल्ला | | | |
| ३ | सिमेन्टको जोडाईमा ढुंगा वा इटा वा व्लकको गारो -जस्ता वा टायलको छानो भएको ) | | | |
| ३.१ | भूईतल्ला | २।०० | १।७५ | १।५० |
| ३.२ | पहिलो तल्ला | ३।०० | २।५० | २।०० |
| ४ | पटाहाको घेराबेरा लगाएतका कच्ची भवन | | | |
| ४.१ | भूईतल्ला | १।०० | १।०० | १।०० |
| ४.२ | पहिलो तल्ला | १।५० | १।५० | १।५० |
| सि.नं. | कम्पाउन्डवालको प्रकार | | | |
| १ | सिमेन्ट जोडाईको कम्पाउन्डवाल | ३।०० | ३।०० | ३।०० |
| २ | माटो जोडाईको कम्पाउन्डवाल | १।०० | १।०० | १।०० |
| ३ | तारवारको कम्पाउन्ड वाल (एकमुष्ठ) | ५०।०० | ५०।०० | ५०।०० |

नोटः व्यवशायिक भवनमा मापदण्ड र नियमानुसार सो ५० प्रतिशत थप दस्तुर समेत लाग्ने छ ।

## ३. दण्ड जरिवाना

(क) नयाँ निर्माण अनुमती विना वनाएको हकमा ।

| **सि.नं.** | **विवरण** | **रकम** |
|---|---|---|
| १ | जगको कार्य सम्पन्न | नक्सापास दस्तुरको २५% |
| २ | डि.पि.सि.को कार्य सम्पन्न | नक्सापास दस्तुरको ३५% |
| ३ | गाह्रो लगाउने कार्य सम्पन्न | नक्सापास दस्तुरको ५०% |
| ४ | ढलानको कार्य सम्पन्न | नक्सापास दस्तुरको ७५% |
| ५ | निर्माण कार्य सम्पन्न | नक्सापास दस्तुरको १००% |

नोट :- उल्लेखित जरिवाना निर्माण भएको तल्लाको आधारमा लिईनु पर्नेछ ।

कटहरिया नगरपालिका नगर कार्यपालिकाको कार्यालय

(ख) तल्ला थपमा

| सि.नं. | विवरण | रकम |
|---|---|---|
| १ | गाह्रो लगाउने कार्य सम्पन्न | नक्सापास दस्तुरको ५०% |
| २ | ढलानको कार्य सम्पन्न | नक्सापास दस्तुरको ७५% |
| ३ | निर्माणको कार्य सम्पन्न | नक्सापास दस्तुरको १००% |

नोट :- उल्लेखित जरिवाना निर्माण भएको तल्लाको आधारमा लिईनु पर्नेछ ।

(ग) मालपोतको हकमा

| सि.नं. | विवरण | रकम |
|---|---|---|
| १ | मलपोतको हकमा राजस्व तिरेको १ साल पछिबाट | प्रत्येक वर्ष २०% का दरले र त्यसमा हरेक वर्ष ५% थप गरी दस्तुर लिने । |

## ४ सिफारिश तथा अन्य सेवा शुल्कको दर :

| सि.नं. | विवरण | रकम |
|---|---|---|
| १ | नेपाली नागरिकता सिफारिस | |
| | क) वंशज | नि:शुल्क |
| | ख) वैवाहिक अंगिकृत | नि:शुल्क |
| | ग) प्रतिलिपि | नि:शुल्क |
| २ | राहदानी सिफारिश | नि:शुल्क |
| ३ | नाता प्रमाणित सिफारिश | नि:शुल्क |
| | क) नेपालीमा (मृतक संग) | नि:शुल्क |
| | ख) नेपालीमा (अन्य संग) | नि:शुल्क |
| | ग) अग्रेजीमा | नि:शुल्क |
| ४ | नाम थर संशोधन सिफारिस | नि:शुल्क |
| ५ | विधुत/धाराको सिफारिश | |
| | क) घरायसी/कृषि | नि:शुल्क |
| | ख) व्यापारिक | ३००।०० |
| | ग) साना औद्योगिक | २,०००।०० |
| | घ) ठुलो औद्योगिक | ५,०००।०० |
| ६ | विधुत/धारा नामसारी सिफारिस | ००।०० |
| ७ | आय श्रोत सिफारिश | ००।०० |
| ८ | बसोबास प्रमाणित सिफारिश | नि:शुल्क |
| | क) वैदेशिक प्रयोजन | २००।०० |
| | ख) स्वदेशी प्रयोजन | १००।०० |
| ९ | जन्म मिति प्रमाणित सिफारिस | नि:शुल्क |
| | अग्रेजीमा | नि:शुल्क |
| | नेपालीमा | नि:शुल्क |
| १० | जग्गा धनी दर्ता प्रमाण पूर्जाको प्रतिलिपि सिफारिस दस्तुर | नि:शुल्क |
| ११ | घर निर्माण सम्पन्न सिफारिस प्रति तल्ला | २००।०० |
| १२ | घर नक्सा पास नामसारी | |
| | क) कच्ची घर | ३००।०० |
| | ख) १ तल्ले सम्मको पक्की घर | १,०००।०० |
| | ग) २ तल्ले सम्मको पक्की घर | २,०००।०० |

कटहरिया नगरपालिका नगर कार्यपालिकाको कार्यालय

| | | |
|---|---|---|
| | घ) २ तल्ले भन्दा बढिको पक्की घर | ५,०००।०० |
| १३ | घर कायम सिफारिश | |
| | क) पक्की | ३००।०० |
| | ख) कच्ची/साधारण | १००।०० |
| १४ | घर/बाटो प्रमाणित (मालपोत रजिष्ट्रेशन प्रयोजनको लागि ) मालपोत मूल्यांकन वा मालपोत मूल्यांकनमा नघटने गरी स्वघोषणा गरेको मूल्यांकन रकमका | प्रति लाख २०।०० |
| १५ | चारकिल्ला प्रमाणित प्रति कित्ता | १००।०० |
| १६ | घरजग्गा नामसारी सिफारिश | १००।०० |
| १७ | छुट जग्गा नामसारी सिफारिस दस्तूर (प्रति कठ्ठा) | २००।०० |
| १८ | छुट तथा आकडा जग्गाको सिफारिश (प्रति कठ्ठा) | २००।०० |
| १९ | विटौरी जग्गा नामसारी(मृत्यु भएका कारण नामसारी दा.खा.गर्नु परेमा) | १००।०० |
| २० | विटौरी जग्गा नामसारी, राजिनामा, वकसपत्र, अंशवण्डा आदिबाट हक हस्तान्तरण सिफारिश | २००।०० |
| २१ | विटौरी जग्गा नामसारी(मृत्यु भएका कारण नामसारी दा.खा.गर्नु परेमा) | १००।०० |
| २२ | मोही नामसारी सिफारिश | १००।०० |
| २३ | पक्की घर निर्माणको लागि काठपात ल्याउने सिफारिस(प्रति क्यू.फि.) | १०।०० |
| २४ | कच्चीघर निर्माणको लागि काठपात ल्याउने सिफारिस(प्रति क्यू.फि.) | ७।०० |
| २५ | अंग्रेजी सिफारिस दिनु पर्दा आय श्रोत र अचल सम्पति बाहेकमा | १००।०० |
| २६ | संस्था दर्ता सिफारिस दस्तुर | ५००।०० |
| २७ | नाफामूलक संस्था दर्ता सिफारिस दस्तुर | १,०००।०० |
| २८ | निजी विद्यालय संचालन सिफारिश | ५,०००।०० |
| २९ | निजी विद्यालय कक्षा संचालन तथा स्तरबृद्धिको सिफारिश | ३,०००।०० |
| ३० | दलित जनजाति मधेशी तथा अन्य प्रमाणित सिफारिस | नि:शुल्क |
| ३१ | चारित्रिक सिफारिस दस्तूर न.पा . वाहिर | नि:शुल्क |
| ३२ | चारित्रिक सिफारिस दस्तूर न.पा. भित्र | नि:शुल्क |
| ३३ | भारत जाने सिफारिस | नि:शुल्क |
| ३४ | अन्य मुलुक जाने सिफारिश | नि:शुल्क |
| ३४ | व्यक्ति प्रमाणित | नि:शुल्क |
| ३५ | मृत्यु प्रमाणित सिफारिश(व्यक्तिगत घटना लागुहुन भन्दापूर्वको अवस्थामा ) | नि:शुल्क |
| ३६ | अन्य प्रमाणित सिफारिश (व्यक्तिगत घटना दर्ता कार्यक्रम लागु नहुदैको अवस्थामा) | नि:शुल्क |
| ३७ | विवहा सिफारिश | नि:शुल्क |
| ३८ | वैदेशिक खाता खोल्ने प्रयोजनको लागि सिफारिश | नि:शुल्क |
| ३९ | पेन्सनरहरुको लागि जीवित रहेको भन्ने व्यहोराको सम्पर्क सिफारिश | नि:शुल्क |
| ४० | परिचय सिफारिश | नि:शुल्क |
| ४१ | पेन्सन प्रयोजनको लागि ठेगाना संशोधन सिफारिश | नि:शुल्क |
| ४२ | छात्रवृति सिफारिश | निशुल्क |
| ४३ | उपचार सहयोग सिफारिश | निशुल्क |
| ४४ | बसाई सराई गरी अन्यत्र सामानहरु लिई जादा सिफारिश माग भई आएमा | नि:शुल्क |
| ४५ | उद्योग स्थापना एवं ठाँउसारी सिफारिश | |
| | ठुला | १०,०००।०० |
| | मझौला | ५,०००।०० |
| | साना | २,०००।०० |
| | घरेलु | ५००।०० |
| ४७ | चारित्रिक सिफारिश | नि:शुल्क |

कटहरिया नगरपालिकाको कार्यालय

| | | |
|---|---|---|
| ४८ | जग्गा सम्वन्धि अन्य सिफारिश (हकभोक समेत) | नि:शुल्क |
| ४९ | सार्वजनिक यातायातका साधन नचलेको व्यहोराको सिफारिश | नि:शुल्क |
| ५० | दैवी विपत्ति वा भवितव्य परेको सिफारिश | निशुल्क |
| ५१ | हराएको प्रमाण पत्रको प्रतिलिपि सिफारिश | नि:शुल्क |
| ५२ | पेशा व्यवशाय संचालनमा रहेको/वन्द रहेको अवस्थाको सिफारिश | नि:शुल्क |
| ५३ | न.पा.मा कर चुक्ता गरे पछि दिईने कर चुक्ता सिफारिश | नि:शुल्क |
| ५४ | परिवार ल्याएको ।नल्याएको सिफारिश | नि:शुल्क |
| ५५ | विदेशी संग विवहा दर्ता सिफारिश | नि:शुल्क |
| ५६ | ठेकका पट्टा इजाजत सिफारिस | २०००।०० |
| ५७ | मोवाइल टावर इजाजत सिफारिस | २०००।०० |
| ५८ | पेट्रोल पम्प स्थापना सिफारिस | ५०००।०० |
| ५९ | अपुताली प्रमाणित | |
| | क) नेपालको लागि | २०००।०० |
| | ख) विदेशको लागि | १,०००।०० |
| ६० | धारा जडान गर्दा न.पा.ले निर्माण गरेका ग्राभेल, कच्ची र पिच सडक कटान गरी लैजानु पर्ने भए लाग्ने दस्तुर रु. १०००।-, ५००।- र २०००।- | |

## ५. सिफारिश तथा अन्य सेवा शुल्कको दर :

| सि.नं. | विवरण | रकम |
|---|---|---|
| १ | निवेदन दस्तुर | १०।०० |
| २ | निवेदन फाराम मूल्य | २०।०० |
| ३ | नागरिकता अनुसूची /प्रतिलिपि फाराम दस्तुर | ५०।०० |
| ४ | व्यवशाय प्रमाणपत्र दस्तुर | ५०।०० |
| ५ | व्यवशाय नामसारी/प्रतिलिपि/साझेदार थप घट | २००।०० |
| ६ | सम्पति कर फाराम दस्तुर | २०।०० |

## ६. अन्य सेवा शूल्कको दर :

| सि.न. | सेवाको किसिम | दर |
|---|---|---|
| १ | घर नक्सापास पुस्तिका | रु.५००।०० |
| २ | सर्जमिन मुचुल्का | रु.५००।० |
| ३ | सामुदायिक मध्यस्थ सेवा | रु.१००/- |
| ४ | रकम कलम उठाई दिएवापत प्रतिहजार | १०% |
| ५ | सबै खाले निवेदन फारामहरु प्रतिगोटा | रु.२० ।- |
| ६ | मिलापत्र शुल्क (दुवै पक्षसँग आधा आधा) | रु.५००।-/५००।- |
| ७ | घर नम्वरिङ्ग प्लेट प्रति गोटा | रु.३०० ।- |
| ८ | न.पा. को श्रोत नक्सा $A_3$साइज प्रति गोटा | रु.५० ।- |
| ९ | विभिन्न नक्सा ठुलो साइजको प्रतिगोटा | रु.२०० ।- |
| १० | विभिन्न नक्सा सानो साइजको प्रतिगोटा | रु.१०० ।- |
| ११ | टोल विकास संस्था दर्ता शुल्क/नविकरण | रु.५०० ।- |
| १२ | व्यवसायिक इजाजत प्रमाण पत्र वापत | रु.१०० ।- |
| १३ | स्थलगत प्राविधिक सेवा शुल्क | रु.१००० ।- |
| १४ | घर खाली गर्ने | रु.१,५००।- |

कटहरिया नगरपालिका नगर कार्यपालिकाको कार्यालय

| | | |
|---|---|---|
| १५ | साँधसिमाना छुट्याउने पहिलो कित्ताको लागि | रु.१०००।- |
| १६ | त्यसपछि ५ कठ्ठा सम्म क्षेत्रफल भएको थप प्रतिकित्ता | रु.५००।- |

**७. फोटोकपि/प्रतिलिपि सेवा शुल्क**

| **क.सं** | **विवरण** | सेवा शुल्क |
|---|---|---|
| १ | कम्प्युटर प्रिन्टबाट प्रतिलिपि दिदा | १०.०० |
| २ | फोटोकपि शूल्क प्रति गोटा | ३.०० |
| ३ | नक्कल प्रमाणित दस्तूर प्रति कपि | ५.०० |

**८. नगर सूचना केन्द्रका सामग्रीको दैनिक भाडादर :**

| **सि.नं.** | **विवरण** | **सेवा शुल्क** |
|---|---|---|
| १ | मल्टीमिडिया प्रोजेक्टर | ५००.०० |
| २ | कम्प्युटर/साउण्ड सिष्टम प्रति दिन | ७००.०० |
| ३ | हवाइट र सफट बोर्ड प्रति सेट | २००.०० |
| ४ | लेबल मेसिन प्रतिदिन | ५००.०० |

**९. टिफर/भ्याकु लोडर भाडा महशुल :**

| सि.नं. | विवरण | **प्रति घन्टा** | **प्रति सिफ्ट** | कैफियत |
|---|---|---|---|---|
| १ | व्याक हो लोडर | | | व्याक हो लोडरको हकमा सवारी ईन्धन र चालकको भत्ता रु १००।०० प्रति घण्टा सम्वन्धित लैजानेले भुक्तानी गर्ने गरी प्रति घण्टा रु. १०००।०० र नगर बाहिर रु १२०० र नगरले तेल प्रयोग भएमा रु. १,८००।०० भुक्तानी गर्नु पर्नेछ । |
| २. | ट्रेक्टर, गेडर,पानी टंकी,सैफटी टयांक | | | १.प्रति टयाङ्की १२००।०० मा ३०% मा चालक र स्वीपरलाई दिनु पर्नेछ ।<br>२.खाली पानि टयाङ्की रु.१०००। र ट्रेक्टर ,पानी टयाङ्की चालक सहित इन्धन बाहेक रु.२५००। प्रतिदिन । |

**१०. ठेक्काको लागि न्यूनतम दर रेट सम्बन्धी व्यवस्था :**

| **क.सं.** | **ठेक्कालाग्ने स्थान** | **कर उठाउनुपर्ने क्षेत्र** | **न्यूनतम कबूल अंक** | **बोल पत्र फारम दस्तुर** |
|---|---|---|---|---|
| १ | कटहरिया बजार | बजार क्षेत्र | ७,००,०००। | १,०००। |
| २ | जमुनिया बजार | बजार क्षेत्र | ५०,०००। | १,०००। |
| ३ | बगही बजार | बजार क्षेत्र | ४०,२००। | १,०००। |
| ४ | छेदी चौक | बजार क्षेत्र | १,००,०००। | १,०००। |

कटहरिया नगरपालिकाको कार्यालय

| | | | | |
|---|---|---|---|---|
| ५ | फत्तेपुर जलैया बजार | बजार क्षेत्र | ३०,०००। | १,०००। |
| ६ | गढीमाई दुधियाभार बजार | बजार क्षेत्र | २५,०००। | १,०००। |
| ७ | बकैया खोला एरिया माछा | न.पा. क्षेत्र | ३०,०००। | १,०००। |

**यस अनुसूचिमा उल्लेख नभएको कुनै सेवाको हकमा रु. ५००। सेवा शुल्क वा दस्तुर लाग्नेछ ।**

## अनुसूची-११

(दफा १३ सँग सम्बन्धित)

आ.व. ०७७/७८ मा लागु हुने प्राकृतिक श्रोत साधनको बिक्रीको न्यूनतम दर

| क्र.सं. | विवरण | न्यूनतम दर |
|---|---|---|
| १ | बालुवा, गिटी एवं माटोजन्य वस्तु प्रति घनमिटर | रु. २००। |
| २ | काठ प्रति क्यूब फिट | रु.१०००। |
| ३ | दाउरा, जराजुरी प्रति ट्याक्टर | रु. २०००। |

*उल्लेखित अनुसारको कर, दस्तुर र सेवा शुल्क तथा मालपोत रजिष्ट्रेशन र प्राकृतिक श्रोतसाधनबाट उठने शुल्क समेतबाट नगर क्षेत्रमा चालु आ.व. २०७७।०७८ मा करिब १ करोड ५२ लाख १६ हजार २ सय एकसठ्ठी मात्र आन्तरिक आम्दानी प्राप्त हुने अनुमान गरिएको छ ।*

**आज्ञाले,**
**राम प्रकाश साह**
**प्रमुख प्रशासकीय अधिकृत**



कटहरिया नगरपालिका नगर कार्यपालिकाको कार्यालय